☎ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०५०९

# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

**५ नम्बर प्रदेश, नेपाल**

पत्र संख्या :

चलानी नं. :

मिति: २०७५ भदौ २८ गते

## प्रेस विज्ञप्ति

नेपालबाट संस्कृति पर्यटन तथा नागरिक उडड्यनमन्त्री रवीन्द्र अधिकारीको नेतृत्वमा पाल्पाको तानसेन नगरपालिका, नवलपरासीको रामग्राम नगरपालिका , रुपन्देहीको लुम्विनी सांस्कृतिक नगरपालिका र लुम्विनी विकास कोषका प्रतिनिधि सम्मिलित ४७ सदस्यीय टोलीले सन् २०१८ को सेप्टेम्वर ७ देखि १० (तदनुसार २०७५ भदौ २२ देखि २५) सम्म चीन भ्रमण गरेको थियो । छिमेकी देश गणतन्त्र चीनको सिचुवान प्रान्तको लशान नगरको निमन्त्रणामा सम्पन्न चीन भ्रमणमा तानसेन नगरपालिकाबाट नगरप्रमुख अशोककुमार शाही, उपप्रमुख लक्ष्मीदेवी पाठक, प्रवक्ता दामोदरप्रसाद घिमिरे, तानसेन-६ का वडाअध्यक्ष सागरमान महर्जन, कार्यपालिका सदस्य दिपक विश्वकर्मा, योजना तथा प्रशासकीय अधिकृत बिष्णुप्रसाद पौडेल र भाषा सहजकर्ताको रुपमा डा सागर न्यौपानेको सहभागिता रहेको थियो । चीनको ऐतिहासिक सांस्कृतिक नगर लशान र तानसेनबीच मैत्रीपूर्ण सम्वन्ध स्थापना, दुई नगरबीच पर्यटनविकास तथा आपसीहितबारे छलफल, लुम्विनी क्षेत्रको विकास र बुद्ध सन्देश, बुद्ध शर्किटबारे छलफल तथा विकासका अनुभव साटासाट लगायतका कुरालाई हामीले भ्रमणको उपलव्धिका रुपमा लिएका छौं ।

सेप्टेम्वर ८ मा चीनको सिचुवान प्रान्तका गर्भनरसँगको बैठक, अन्तर्राष्ट्रिय पर्यटन एक्स्पोमा सहभागिता र नेपालका मन्त्री अधिकारीबाट दुईपक्षीय हितलाई केन्द्रित गर्दै गरिएको सम्बोधन, तानसेन र लशान नगरप्रमुखबाट दुई नगरबीच भगिनी सम्वन्ध स्थापना समभदारीपत्रमा हस्ताक्षर, सिचुवान बुद्धिजम एसोसियसनसँग नेपाली टोलीको बैठक लगत्तै नेपाली टोलीका नेतृत्वकर्ता मन्त्री अधिकारीले सदभावना भोज आयोजना गर्नुभएको थियो । सोहीदिन दिउँसो लुम्विनी विकास कोषका उपाध्यक्ष अवधेशकुमार त्रिपाठी र मन्त्री अधिकारीले संयूक्तरुपमा बुद्धजन्मस्थल नेपालको लुम्विनीको माटो बुद्धिजम् एसोसियसन चीनका प्रमुखलाई हस्तान्तरण गर्नु भयो । लशान नगरका मेयर झाङ टोङ (Zhang Tong) सँग दुईपक्षीय हितका बारेमा संयूक्त बैठक सम्पन्न भयो । नेपाल, थाइल्याण्ड र अष्ट्रेलियन पाहुना सम्मिलित रात्रीभोजमा आपसी सहयोगका बारेमा अनौपचारिक कुराकानी भएको थियो ।

सेप्टेम्वर ९ मा हामीलाई लशानको समिट अफ माउण्ट इएमआइमा अवलोकन भ्रमण गराइएको थियो । भ्रमणका क्रममा तानसेनको पर्यटकीय विकासका लागि सहकार्यका कुरामा जोडदिदै लशाननगरबासी लगायत चिनिया नागरिकलाई तानसेन भ्रमणको निम्ति हामीले आग्रह गर्यौं ।

अशोककुमार शाही

प्रमुख

तानसेन नगरपालिका

Scanned by CamScanner